बर्दघाट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल

बर्दघाट नगरपालिका नगर कार्यपालिकाको कार्यालय बर्दघाट, नवलपरासी लुम्बिनी प्रदेश नेपाल

प.सं: २०८१/०८२ मित: २०८२/०३/०३
च.नं.: ४४१८

विषय : रिक्त पदमा स्थायी शिक्षक सरुवासम्बन्धी सूचना ।

श्री यो जो जससँग सम्बन्धित छ ।

नवलपरासी(बर्दघाट सुस्ता पश्चिम) जिल्ला बर्दघाट नगरपालिकाअन्तर्गत श्री मंगलादेवी प्राथमिक विद्यालयमा रिक्त रहेको प्राथमिक तहको शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडि बढाइदिन भनी विद्यालयको च.नं.१९, मिति २०८२/०२/२८ को पत्रबाट अनुरोध भई आएकाले सम्बन्धित तहमा योग्यता पुगेका स्थायी शिक्षकहरूबाट यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाईको सहमतिसहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवासम्बन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

२०८२।३।३

प्रकाश खनाल
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

पुनश्चः

१. तोकिएको म्यादभित्र विद्यालयको इमेल ठेगाना sr.mangladevip.s.2030@gmail.com मार्फत समेत निवेदन पेस गर्न सकिने छ ।
२. म्याद नाघी वा तोकिएबमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदनमाथि कुनै कारबाही हुने छैन ।

बोधार्थ:
श्री शिक्षा विकास तथा समन्वय इकाइ, नवलपरासी(बर्दघाट सुस्ता पश्चिम)
श्री मंगलादेवी प्राथमिक विद्यालय, बर्दघाट-२
श्री सूचना प्रविधि शाखा कार्यालयको वेबसाइट तथा फेसबुक पेजमार्फत् सार्वजनिक गरिदिनुहुन ।